म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ९८ शनिबार २ मंसिर २०८० ने. सं. ११४४ कछलाथ्व 18 November 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## स्कुटरको ठक्करबाट महिलाको मृत्यु

हेटौंडा, १ मंसिर/धरानचतरा सडक खण्डमा स्कुटरको ठक्करबाट शुक्रबार साँझ एक महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा हेटौंडा-१७, बाबुचोककी ४३ वर्षीय गोपिनी बिक रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । शुक्रबार साँझ ६ बजेर ३० मिनेटको समयमा हेटौंडा-१७, बाबुचोकस्थित धरानचतरा सडकखण्डमा ठुलोदमारबाट हटियातर्फ आउदै गरेको ना २५ प ८३५६ नम्बरको स्कुटरले पैदलयात्री गोपिनीलाई बाटो काट्ने क्रममा ठक्कर दिदा दुर्घटना भएको थियो । स्कुटरको ठक्करबाट गम्भिर घाईते भएकी गोपिनीलाई उपचारको लागि हेटौंडा अस्पताल लगिएकोमा उपचारको क्रममा ६ बजेर ४६ मिनेटको समयमा गोपिनीलाई डक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ । स्कुटर र स्कुटर चालक हेटौंडा-१, पिपलबोट बस्ने ३५ वर्षीय ईलेश श्रेष्ठलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।


## कृषि पेशामा बाँच्ने जनसंख्या ४४ प्रतिशत मात्रै

साझाकुरा संवाददाता

हेटौंडा, १ मंसिर/ केहीसमय अघिसम्म नेपालका ९० प्रतिशत जनसंख्या कृषिपेशामा निर्भर थियो । चारदसक अघिसम्म नेपालले धान, मकै, गहुँ, फापर, कोदो, भुसेतिल भारत तथा तेस्रो मुलुकमा निर्यात गर्ने गरेको थियो । तर, अहिले नेपालले धान, चामल, गहुँ, मकै, फापर, तरकारी, फलफूल, गेडागुडी सबै चिज आयात गर्न थालेको छ ।

बागमती प्रदेशमा कृषि क्षेत्रबाट उत्पादन गरेको सवै वस्तु ६६ दशमलव ४ प्रतिशत कृषकले घरायसी उपभोगमा खर्च गर्ने गरेका छन् । कृषिपेशबाट प्राप्त हुने केही कृषिउपज बिक्री गर्ने २५ प्रतिशत रहेको एक तथ्यांकले देखाएको छ । यस्तै केही घरायसी प्रयोजनको लागि राख्ने बाँकी सबै बिक्री गर्ने ७ दशमलव ४ प्रतिशत रहेका छन् भने कृषिबाट उत्पादित सबै वस्तु बिक्री गर्ने शुन्य दशमलव ९ प्रतिशत रहेका छन् ।

हेटौंडामा राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको तथ्यांकमा बामगमती प्रदेशमा करिव ५६ प्रतिशत परिवार कृषि आम्दानीले खान नपुग्ने रहेका छन् । तथ्यांक अनुसार प्रदेशमा कृषिपेसा गर्ने र त्यसको आम्दानीले खान नपुग्ने परिवार ५५ दशमलव ९ प्रतिशत रहेको देखिन्छ । राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको तथ्यांकले प्रदेशमा कृषि पेसा गर्ने र त्यसको आम्दानीले खान पुग्ने परिवार भने ४४ दशमलव १ प्रतिशतमात्र रहेको देखाएको छ ।



सांकेतिक तस्वीर

कृषि गणना, २०७८ को प्रतिवेदनमा उल्लेखित तथ्यांक समेटिएको छ । नेपालभर कृषिमै आश्रित भएर पनि यसको आम्दानीले खान नपुग्ने ५५ प्रतिशत रहेको राष्ट्रिय तथ्यांक कार्यालयका निर्देशक बद्रीकुमार कार्की बताउँछन् । बागमतीमा ७२ दशमलव ६ प्रतिशत परिवारको आम्दानीको मुख्य स्रोत कृषि रहेको छ ।

तथ्यांक अनुसार कृषिमा पुराना प्रविधि हराउँदै गएको छ । फलामे हलोको प्रयोग घटेको छ भने ट्याक्टर र पावर ट्रिलर प्रयोग गर्नेको संख्यामा बृद्धि भएको छ । तर, कृषि पेशालाई प्रमुख पेशको रुपमा अपनाउन नसकेको तथा झारा टराइ खेती लगाउने प्रचलन बढेकोले कृषिपेशमा आश्रित परिवार घट्दै गएको देखिन्छ । यसैगरी बागमतीमा १४ दशमलव ८ प्रतिशत फलामे हलो, ३० दशमलव ८ प्रतिशत ट्र्याक्टर र १६ दशमलव ७ प्रतिशत पावर ट्रिलर प्रयोगकर्ता रहेको निर्देशक कार्कीले जानकारी दिए ।

तीन दशकमा नेपालमा कृषक परिवार संख्या र कृषकले भोगचलन गरेको जग्गामा बृद्धि भएको तथ्यांकले देखाएको छ । तर, बाली सघनता भने घटेको छ । वर्षमा २ पटक भन्दा बढी बाली लगाउन सकिने अवस्थमा दाहोऱ्याएर बाली लगाउने चलन प्रायः हराउन थालेकोले वर्षमा बढीमा २ पटक मात्रै बाली लगाएको देखिन्छ । बागमती प्रदेशमा १५ लाख ७० हजार भन्दा घरपरिवार संख्या रहेकोमा ६ लाख ६८ हजार १ सय ७७ कृषक परिवार रहेको निर्देशक कार्कीले बताए ।

कार्कीका अनुसार प्रदेशमा २ लाख ८२ हजार २ सय ९२ हेक्टर जमिन कृषिउपजमा प्रयोग भएको छ । नेपालमा सरदर १ दशमलव ९१ प्रतिशत बाली सघनता रहेता पनि प्रदेशमा भने २ पटकसम्म बाली लगाएको पाइएको कार्की बताउँछन् । प्रदेशमा बगैचाको रुपमा आँप ५ सय ३२ हेक्टरमा, केरा १ हजार १ सय २० हेक्टरमा, सुन्तला ६ सय ८८ हेक्टरमा, कागती ४ सय ६० हेक्टरमा, स्याउ ८० हेक्टरमा लगाइएको उनले बताए ।

त्यस्तै, प्रदेशमा गाई गोरुको पालन घट्दो छ । २०६८-७८ को गणना अनुरुप घट्दै गइरहेको देखिन्छ । गाईगोरु र राँगाभैसी भन्दा खसीबाखा र सुंगुरबंगुरको संख्या भने धेरै बृद्धि भएको प्रतिवेदनमा उल्लेख छ । नेपालमा पछिल्लो समय कृषिकार्यमा महिलाको संख्या भने बढ्दो क्रममा रहेको छ । विगत तीन दशकदेखिको तथ्यांकले समेत महिला कृषकको संख्यामा बृद्धि भएको निर्देशक कार्कीले जानकारी दिए ।

नेपालमा ३२ दशमलव ४ प्रतिशत महिला कृषकको रुपमा रहेका छन् भने बागमती प्रदेशमा मुख्य कृषकको रुपमा महिला ३७ दशमलव २ प्रतिशत र पुरुष ६५ दशमलव ८ प्रतिशत रहेका छन् । २०५८ को गणनामा महिला ८ दशमलव १ प्रतिशत र पुरुष ९१ दशमलव ९ प्रतिशत कृषक थिए । युवा जनशक्ति पुरुष पढ्न तथा कामको शीलशीलामा विदेसिएकाले समेत कृषिमा महिलाको सहभागिता बढ्दै गएको अनुमान गरिएको छ ।

यसैगरी बागमतीमा ४८ प्रतिशत कृषकले सिँचाईको व्यवस्था, २७ प्रतिशतले कृषिकार्यको लागि तालिमको व्यवस्था, २७ प्रतिशतले कृषि प्राविधिकसेवा सहज, २२ प्रतिशतले कृषिऔजार एवम् आधुनिक साधन, १८ प्रतिशतले उन्नत नश्ल र उन्नत वीउबिजन, १२ प्रतिशतले कृषिउत्पादनको उचित बजार व्यवस्था र ११ प्रतिशत कृषकले शुन्य ब्याजदर वा सस्तोमा ऋृण उपलब्ध गराउन सुझाव दिएको बताइएको छ ।

## झुक्याउने एजेण्डा मात्र बन्यो भीमफेदी-कुलेखानी सुरुङमार्ग

साझाकुरा संवाददाता

हेटौंडा, १ मंसिर/ झुक्याउने वा झुक्किने पनि एउटा सीमा हुन्छ । तर, भीमफेदी-कुलेखानी सुरुङमार्ग लामो समयदेखि झुक्याउने गतिलो एजेण्डा मात्र बनेको छ । चुनावमा भोट माग्ने गतिलो एजेण्डा मात्र बनेपछि स्थानीयमा निराशा बढेको छ ।

बागमती प्रदेशका पहिलो मुख्यमन्त्री डोरमणि पौडेलकै पालादेखि भीमफेदीबाट कुलेखानीसम्म सुरुङमार्ग निर्माण गर्न प्रदेशको गौरवको आयोजनाको रुपमा सम्भाव्यता अध्ययन, डीपीआर निर्माण लगायतको काम सुरु भएको चर्चा गरिएको थियो । ३ वर्षसम्म पौडेलले सरकारको नेतृत्व गरे । तर, सुरुङमार्ग निर्माणमा ठोस काम अघि बढ्न सकेन । यो योजना अहिले अलपत्र अवस्थामा छ ।

त्यसो त प्रदेश राजधानी हेटौंडालाई काठमाडौंसँग छोटो दुरीमा जोड्ने गरी यो सुरुङमार्गको चर्चा आजभन्दा १५ वर्ष अघिदेखि नै सुरु भएको हो । भीमफेदी-कुलेखानी सुरुङमार्ग नेपाल पूर्वाधार विकास कम्पनीले निर्माण गर्ने गर्ने भनेर शिलान्यासको नाटक मञ्चन समेत गरियो । कम्पनीले स्थानीयबासीलाई सेयर वितरण गरी नागरिकसँग करोडौं रुपैयाँ रकम असुल गरेको थियो । शिलान्यास भइसकेको यो सुरुङ निर्माणको काम अझै हुन सकेको छैन ।

हाल सुरुङमार्गको योजना परिमार्जन गरिएको छ । भीमफेदी-कुलेखानी (पोष्टबहादुर बोगटी) सुरुङमार्गलाई परिमार्जन गरी बल्खु-हेटौंडा सुरुङमार्ग नामकरण गरिएको छ । हाल यो सुरुङमार्गको अध्ययनका लागि न बजेट छ, न प्रस्थान तथा अन्तिम बिन्दु तोकिएको छ ।

सुरुङमार्ग निर्माणका लागि प्रदेश सरकारले विगतको ३ आर्थिक वर्षमा गरी करिब डेढ



करोड रुपैयाँ खर्च गरेर डीपीआर तयार गरेको थियो । तर, डीपीआर अहिले मन्त्रालयको दराजमा थन्किएको छ । निर्माण गर्नु नै थिएन भने किन डीपीआरको नाटक भयो भन्ने बिषयमा अहिले स्थानीयबासीमा खुल्दुली चलेको छ । सुरुङमार्गको डीपीआर निर्माणका लागि इटेको नेपाल प्रालिलगायत ७ वटा परामर्शदाताले फरकफरक विषयमा सुरुङमार्गको प्राविधिक विषयको अध्ययन गरेका थिए ।

तत्कालीन सरकारले डीपीआर अनुसारको सुरुङ मार्ग निर्माण गर्न आवश्यक तयारीका लागि 'पोस्टबहादुर बोगटी सुरुङमार्ग' नामकरण गरी छुट्टै कार्यालय र कर्मचारीको समेत व्यवस्था गर्दै टेन्डर आह्वानको तयारी गरेको थियो । टेण्डर निकाल्ने प्रक्रिया केही बाँकी रहेको अवस्थामा राजेन्द्र पाण्डे नेतृत्वको सरकारले भीमफेदी-कुलेखानी सुरुङमार्ग निर्माण कार्य स्थगन गरेको थियो ।

भीमफेदी-कुलेखानी सुरुङमार्ग निर्माण कार्यमा १ करोड ३८ लाख ५५ हजार रुपैयाँ खर्च भइसकेको छ । सुरुङमार्ग निर्माण कार्य नहुने भएपछि साढे एक करोड खर्चिएर बनाइएको डीपीआर अभिलेखका रुपमा मन्त्रालयमा थन्किएको छ । हालको अवस्थामा सुरुङमार्गको लागत करिब २० अर्ब रुपैयाँ लाग्ने देखिएको मन्त्रालयले जनाएको छ । डीपीआरअनुसार ११ मिटर चौडाइको ३२ सय २० मिटर र ३२ सय ७० मिटर लम्बाइको दुईवटा सुरुङमार्ग बनाउन करिब १९ अर्ब ३२ करोड रुपैयाँ लाग्ने अनुमान छ ।

एकतर्फी रुपमा सवारी सञ्चालन गर्ने गरी दुईवटा सुरुङ निर्माण ४२ महिनामा सम्पन्न हुने डीपीआरमा उल्लेख छ । सुरुङमार्ग निर्माणको योजना आर्थिक वर्ष २०७६/७७ बाट प्रदेशको गौरवको योजना र रातो किताबमा समावेश हुँदै आएको थियो । पहिलो वर्ष डीपीआर बनाउन १ करोड ३० लाख रुपैयाँ खर्चिएको थियो भने आर्थिक वर्ष २०७७/७८ मा प्रदेश सरकारले विनियोजन गरेको १ अर्ब रुपैयाँ फ्रिज भएको थियो ।

आर्थिक वर्ष २०७८/७९ मा ७५ करोड रुपैयाँ बजेट छुट्याइएको थियो । प्रदेश सरकार ले स्थापना गरेको सुरुङमार्ग आयोजनाका कर्मचारीको तलब भत्तामा ८ लाख ५५ हजार रुपैयाँ खर्च भएको भौतिक पूर्वाधार विकास मन्त्रालयले जनाएको छ । निजी क्षेत्रको पूर्वाधार विकास कम्पनीले भुक्याएर निराश भएका स्थानीय बासीलाई बागमती प्रदेश सरकारले निर्माण गर्ने आशा पलाएको थियो । तर, बागमती प्रदेश सरकारले पनि डीपीआर दराजमा थन्क्याएपछि स्थानीयमा पुन निराशा बढेको छ ।

## हेटौंडामा सुनिए गोबिन्द गिरी



साझाकुरा संवाददाता

हेटौंडा, १ मंसिर/ साहित्य संगम मकवानपुरले साहित्यकार गोविन्द गिरी प्रेरणाका एकल कविता वाचन सम्पन्न गरेको छ । मकवानपुरको टेकर, सिस्नेरीमा जन्मिई हेटौंडामा स्कुले जीवन बिताएका गिरी काठमाडौं हुँदै हाल अमेरिका निवासी हुन् ।

साँढे चार दशकदेखि प्रकाशनका काम गर्दै आइरहेका बहुविधाका स्रष्टा गिरीका आधा दर्जन बढी कथा संग्रह, उत्तिकै संख्यामा उपन्यास र कविता संग्रह प्रकाशन भैसकेको छ । संगमका उपाध्यक्ष सानु खनालले गिरीको व्यक्तिगत परिचयका साथै समालोचना, अन्तर्वार्ता, अनुवाद, नियात्रा तथा हास्यव्यङ्ग्य संग्रहहरु समेत प्रकाशन गरेका साहित्यकार गिरीले मैनाली कथा पुरस्कार, वासुशशी स्मृति पुरस्कार, नारायणी वाङमय पुरस्कार आदि प्राप्त गरिसकेको बताए ।

संगमका अध्यक्ष डीबी बर्तौलाले साहित्यकार गिरीलाई मकवानपुरमा एकल वाचनका क्रममा सुन्न पाउँदा गर्व लागेको बताए । साहित्यकार गिरीले हेटौंडा छँदै सिर्जनाका बीउ टुसाएको र काठमाडौंमा धेरै रचनाहरु सिर्जनाको अवसर मिलेको बताए । कार्यक्रममा उनले विभिन्न देशमा रहँदा लेखिएका आमा, छुटेको रेल, फिर्ति टिकटविना लगायतका १० कविता वाचन गरेका थिए ।

सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलको प्रमुख आतिथ्यमा एकल वाचन कार्यक्रम भएको थियो । विभिन्न देशमा रहेर कविता लेखिरहेका गिरीले नेपाली साहित्यका लागि महत्वपूर्ण योगदान दिएको साहित्यका निखिलले बताए । साहित्य सर्जकहरु तथा साहित्यसेवीहरु प्रशन्ना चौलागाईं, रियाज कार्की, राजकुमार लामिछाने, देवराज खरेल, सुवास सजल, देव दुलाल, मुक्तिगोविन्द वैद्य, किशन पौडेल, रमेशमोहन अधिकारी, समर्पण न्यौपाने, दीपक गौतम लगायतको उपस्थिति रहेको थियो ।

साहित्य संगम तथा सिस्नुपानी मकवानपुरको संयुक्त भवनमा सञ्चालित कार्यक्रमलाई संस्थाका सहसचिव भवानी तिमल्सिनाले सहजीकरण गरेकी थिइन् ।

## कमाने टि-१० क्रिकेट प्रतियोगिता सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १ मंसिर/ हेटौंडा उपमहानगरपालिका-८ कमानेमा शुक्रबारबाट दोस्रो संस्करणको कमाने टि-१० प्रिमियर लिग प्रतियोगिता सुरु भएको छ । प्रतियोगिता कमाने क्रिकेट क्लबको आयोजनामा सुरु भएको हो ।

क्लबको अध्यक्ष किशोर खत्रीको सभाध्यक्षतमा भएको उद्घाटन कार्यक्रममा हेटौंडा-८ का वडाअध्यक्ष रामकृष्ण थापाको प्रमुख आतिथ्यता रहेको थियो । प्रतियोगितामा ६ टिमले सहभागिता जनाएको छ । प्रतियोगिताको पहिलो दिन भएको उद्घाटन खेलमा कमाने हन्टर्स क्रिकेट क्लबले विजयी सुरुवात गरेको छ । यो प्रतियोगिता आगामी मंसिर ४ गते सोमबारसम्म संचालन हुनेछ ।

प्रतियोगिताको विजेता टिमले १५ हजार रुपैयाँ र उपविजेता टिमले १० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

**शिशिर बचत तथा ऋृण सहकारी संस्था लि.**

### वार्षिक साधारणसभासम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति : २०८०/०७/२५*

यस संस्थाको मिति २०८०/०७/१५ गते बुधबारका दिन बसेको संचालक समितिको बैठकको निर्णय अनुसार १२ औं बार्षिक साधारण सभा तपसिलमा उल्लेखित प्रस्ताव उपर छलफल गरी निर्णयका लागि आव्हान गरिएको व्यहोरा सम्बन्धीत सवै महानुभावहरुमा अनुरोध छ । साथै संस्थाका सबै शेयर सदस्यज्यूहरुलाई वार्षिक साधारण सभाको जानकारी एवम् अनिवार्य उपस्थितिको लागि यसै सुचनालाई आधार मानी निम्न अनुसारको मिति,समय र स्थानमा शेयर सदस्यज्यूहरुको सक्रिय सहभागीताका लागि हादि अनुरोध गर्दछौं ।

*कार्यक्रम*
मिति : २०८०/०८/२३ गते,शनिवार
समय : बिहान ११:०० वजे देखि ४:०० वजे सम्म
स्थान : संस्थाको कार्यालय रहेको भवन, हेटौंडा ०४, मकवानपुर

**साधारणसभामा छलफलका बिषयहरु:**
१.) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२.) सचिवद्धारा प्रस्तुत हुने सांगठनिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
३.) कोषाध्यक्षद्धारा दारा प्रस्तुत हुने वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
४.) आ.व. २०७९/८० को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
५.) आ.व. २०७९/८० को वार्षिक लेखा परिक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
६.) आ.व. २०७९/८० को लागि लेखापरिक्षकको नियुक्ति र निजको पारिश्रमिक तय गर्ने सम्बन्धमा ।
७.) संस्थाको विनियम संशोधन तथा कार्यक्षेत्र विस्तार सम्बन्धमा ।
८.) मोवाइल बैकिङ संचालनका लागि अनुमति प्रदान गर्ने सम्बन्धमा ।
९.) संचालक समितिका निर्णयहरु अनुमोदन सम्बन्धमा ।
१०.) साधारण सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
११.) विविध ।

अमृत अम्बर कुँवर (सचिव) एवम्
**शिशिर वचत तथा ऋृण सहकारी संस्था लि.**
हेटौंडा ४, पारिजातपथ फोन नं ०५७(५९०७०३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# टिकटकमाथि प्रतिबन्ध लगाउने सरकारी निर्णयविरुद्ध धमाधम दर्ता हुँदै मुद्दा




काठमाडौं / टिकटकमाथि प्रतिबन्ध लगाउने सरकारी निर्णय विरुद्ध धमाधम मुद्दा दायर हुन थालेका छन् । तिहारको बिदा सकिए लगत्तै सामाजिक सञ्जाल माध्यम टिकटक माथिको प्रतिबन्ध असंवैधानिक भएको दाबी गर्दै विभिन्न सरोकारवाला तथा नागरिक समाजका प्रतिनिधिले मुद्दा दर्ता गर्न सुरु गरेका हुन् ।

गत सोमवारको मन्त्रिपरिषद् बैठकले सामाजिक सदभाव बिगारेको भन्दै नेपालमा टिकटकमाथि रोक लगाउने निर्णय गरेको थियो । निर्णय सार्वजनिक भए लगत्तै वाक तथा अभिव्यक्ति स्वतन्त्रता विरुद्ध सरकार अगाडि बढ्न खोजेको भन्दै सार्वजनिक वृत्तमा आलोचना र विरोध सुरु भएको थियो ।


यसै क्रममा अधिवक्ता स्वागत नेपाल र दिनेश त्रिपाठीले टिकटक बन्दको विरुद्ध भर्खरै सर्वोच्च अदालतमा मुद्दा दर्ता गरेका छन् । त्यस्तै अधिवक्ता द्वय डा सुनील रञ्जन सिंह र सरिता थापाले समेत प्रधानमन्त्री कार्यालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल दूरसञ्चार प्राधिकरणलाई विपक्षी बनाई उत्प्रेषण तथा परमादेशको माग गर्दै सर्वोच्चमा रिट निवेदन दायर गरेका छन् ।

टिकटकमाथि प्रतिबन्ध लगाउने सरकारको उक्त निर्णयले संविधानको धारा १७ (१), (२) (क), १९, २७, ३३, र ४६ को गम्भीर उलङ्घन गरेको दाबी उक्त मुद्दामा गरिएको छ । उनीहरूले टिकटकलाई व्यवस्थित, नियन्त्रण र नियमनका लागि विधिवत रूपमा नेपालमा दर्ता गरी सञ्चालनका लागि निर्णय गर्नुपर्नेमा तत्काललाई रोक लगाउने निर्णय गरेको भन्दै उनीहरूले त्यसबाट आम नेपालीको अभिव्यक्ति स्वतन्त्रताको हक, सूचनाको हक, समाचारको हक समेतबाट वञ्चित गरेको उल्लेख गरेका छन् । त्यसले मानसिक स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको मनोरञ्जनको हकलाई समेत अङ्कुश लगाउनुका साथै ज्ञान प्राप्त गर्ने माध्यमलाई रोकेको जिकीर गरिएको छ । "कतिपय टिकटकको माध्यमबाट आफ्नो जीवन निर्वाह गरिरहेकोमा रोजगारीको हक खोसिएको छ," रिटमा भनिएको छ, ".'उक्त निर्णय सूचना र सञ्चारको आधुनिक युगको बर्खिलाप रहेको छ ।' यो सार्वजनिक सरोकारको विषय भएको उल्लेख गर्दै रिट निवेदकहरूले सरकारको गैर कानूनी निर्णयलाई बदर गर्नुपर्ने माग राखेका छन् ।

त्यस्तै सूचना तथा सञ्चार प्रविधि क्षेत्रसँग परिचित अधिवक्ता द्वय बाबुराम अर्याल र सन्तोष सिग्देल समेत टिकटकमाथि रोक लगाउने सरकारी निर्णय विरुद्ध मुद्दा दायर गर्ने तयारीमा रहेको बुझिएको छ ।

**यौन/स्वास्थ्य**

# आठ एप्स, जसले महिलाको गर्भधान र प्रजनन अवस्था सूचित गर्छ




महिला स्वास्थ्य खासगरी यौन र प्रजननका कुरा निकै संवेदनशिल हुन्छन् । साथसाथै, कतिपय अवस्थामा यो गोपनिय पनि हुन्छ । अत:महिलाले यसबारे खुलेर प्रश्न वा सोधीखोजी गर्ने अनुकुलता हुँदैन ।तर, अब यो कुनै टाउको दुखाईको विषय रहेन । किनभने यस्ता एपहरु प्रचलनमा आइसकेका छन्, जसले महिलाको मासिक स्रावको चक्र, गर्भधारणका लागि उपयुक्त समयको सूचनादेखि अरु प्रजनन स्वास्थ्यबारे जानकारी दिन्छ ।

**फर्टिलिटी फ्रेन्ड**

महिलाको मासिक चक्रको आधारमा कुन अवधिमा गर्भधारण हुन्छ भन्ने तय गरिन्छ । जब गर्भाशयमा एक परिपक्क अण्ड तयार हुन्छ, त्यही बेला पुरुषको विर्यसँग निशेषचन भएर गर्भधारण हुन्छ ।फर्टिलिटी फ्रेन्डले महिलाको गर्भाशयको अवलोकन गरेर गर्भधारणको सही दिनलाई सूचित गर्न सक्छ । यसले विशेषत प्रजनन चार्ट र ओभ्युलेसन क्यालेन्डर बनाउँछ, जसको संकेतको आधारमा गर्भधारणको सही समय पहिचान गर्न सकिन्छ । यो एप एक उन्नत ओभ्युलेसन क्यालकुलेटर, मासिक धर्म क्यालेन्डर, प्रजनन चार्ट र पीरियड ट्र्याकर हो ।

**ग्लो साइकल एन्ड फर्टिलिटी ट्र्याकर**

यो एपलाई मासिक स्रावको सूचकको रुपमा लिन सकिन्छ । खासगरी गर्भधारणका लागि सही समय पहिचान गर्नका लागि यो एप उपयोगी हुनसक्छ । यसले महिलाको प्रजनन स्वास्थ्यमाथि पनि निगरानी राख्न सक्छ ।खासगरी दम्पतीका लागि यो एप एकदमै उपयोगी सावित हुनसक्छ, किनभने यो अण्डाशयको अवस्थाको दुरुस्त विश्लेषण गर्नमा सक्षम छ । महिला मात्र होइन, पुरुषले पनि यस एपको प्रयोग गरेर आफ्नो स्वास्थ्य स्थितीबारे जानकारी लिन सक्छन् ।

**किन्डरा**

यस एपको प्रयोग विश्वभरका करिब १२ लाख महिलाले गरिरहेको तथ्यांक छ । गर्भधारणका लागि सहि समय पहिचान गर्नका लागि यो एप निकै उपयोगी छ । महिलाको गर्भाशयबाट निस्कने तरल पदार्थको आधारमा यसले गर्भधारणका लागि सही समय सूचित गर्छ ।

**क्लु**

यो एपको माध्यामबाट महिलाले सजिलै आफ्नो मासिक स्रावको चक्र लगायत यौन क्रिया, मुड स्विङलाई ट्र्याक गर्न सक्छन् । यस एपमा एउटा विशेषता के छ भने, यसले प्रजनन चक्रको पूर्वावलोकन गर्छ । र, प्रत्येक महिनाको कुन दिन गर्भधारणको लागि उपयुक्त् हुन्छ भनेर थाँहा पाउन सकिन्छ ।

**ओभिया फर्टिलिटी**

यो एप मूख्यत आइफोनमा प्रयोग गर्न सकिन्छ । यस एपमा केही संकेत हुन्छ, जसले महिलाको प्रजनन क्षमताको अनुमान लगाउन सक्छ । त्यति मात्र होइन यसले महिनावारी, अण्डा निस्कने समय, पाठेघरको अबस्था, प्रजनन क्षमतालाई असर गर्न सक्ने अन्य प्रमुख कारकहरु पनि ट्र्याक गर्छ ।

गर्भधारणका लागि सही समय पहिचान गर्न सहयोग गर्छन् । यदि गर्भधारणको समस्या भएमा पनि यसले अनुमान गर्न मद्दत गर्छ । यो एपमा दर्जनौं गर्भधारणसँग सम्बन्धित जानकारीमुलक आलेख, अनुसन्धानका महत्वपुर्ण तथांङ्क, तथ्यहरु छन् जसले गर्भावस्थाको समयमा मद्दत गर्छ ।

**फ्लो एप**

यो एपले महिनावारीको सुरुवाती चरण र अन्तिम मितिको रेकर्ड राख्छ । साथै, महिनावारी सुरु हुनुअघिको प्रिमेन्चुरेसन सिन्ड्रोमको बारे पनि सजग गराउँछ । यसले गर्भधारणको उपयुत्त समय अनुमान गर्नुको साथै दैनिक हिँडने पाइलाको गन्ती, निन्द्राको अवस्था र पानीको मात्राबारे पनि देखाउँछ । गर्भधारण पछि पनि सो एपले गर्भमा हुर्कदै गएको बच्चाको अवस्थाबारे जनाउ दिन सक्छन् । यसले शरीरमा के भैरहेको छ भन्नेबारे महिनाभरको रिपोर्ट दिन्छ ।

**द मोर्डन फर्टीलिटी**

यो एप अन्यभन्दा फरक छ । महिनाको एकपटक रगतको नमुना लिएपछि यो एपले गर्भधारण गर्ने र गर्भवस्थाको परीक्षणको सहि समय बताउन सक्छ । यसले पनि अन्य एप जस्तै महिनावारीको मिति पत्ता लगाउन सक्छ ।

**ओभुसेन्स**

ओभुसेन्स एक उन्नत प्रजनन ट्र्याकर हो । यो चिकित्सकीय रूपमा ९९ प्रतिशत सही सावित भएको छ । यो एपले वास्तविक समयमा ओभ्युलेसनको अनुमान गर्न सक्छ ।

**साहित्य**

लघुकथा

# प्रादेशिक समाचार



✍ईगम खालिङ

आकाशवाणी खरसाङबाट रेडियामा आउने बेलुकीको प्रादेशिक समाचार सुन्नलाई सिकुवामा केही छिमेकीहरूलगायत दुई-तीन जना नचिनेका मानिसहरू पनि बसेका थिए । उनीहरू घरीघरी एकअर्कासित खासखुस कुरा गर्दै थिए । गाउँमा बिजुली आएकै थिएन । ठूलो घरमा एउटा मट्टीतेलको टुकी टिमटिम बलिरहेको थियो । म उनीहरूलाई ढोकाबाटै एकपल्ट चियाइराखेर भान्साकोठाभित्र पसेँ ।

भोकले मेरो भुँडी कोक्याइरहेको थियो । चुलातिर हेरेको त एकापट्टि एउटा सानो भाँडामा भात बसाएको रहेछ । ढकनी उघारेर हेरेँ– आधा भाँडा पानीमा एक मुठीजस्तो चामल हालेको रहेछ । मलाई चित्त बुझेन र जोरले ढकनी भुइँमा थेचारेर आमालाई सोधेँ, "आमा ! चामल इति नै हो ?" "होइन, सब्जी काटेर हाल्नुपर्छ । आज खिचडी खानुपर्छ । चामल सक्यो ।" भन्ने आमाको उत्तर सुनेपछि मलाई रुनु मन लागेर आयो । म बिहानदेखि भोकै थिएँ । मेरो आँखाबाट आँसुका केही थोपाहरू भुइँमा झरे । म अँध्यारो अनुहार लिएर ठूलो घरभित्र पसेँ र चुपचाप समाचार सुन्न थालेँ । कस्तो समाचार आइरहेको थियो मैले त्यति मेसो पाइनँ । सबैले हाम्रा मान्छेहरू मरेछन्, हामी सतर्क बस्नुपर्छ भन्दै थिए । त्यो पनि मैले बुझिनँ–को 'हाम्रा मान्छेहरू' हुन् र को 'अर्का मान्छेहरू' । तर यसो हेर्दा सबैका आँखाहरू टल्किरहेका थिए । सबै गम्भीर भएर कम स्वरमा बात गरिरहेका थिए ।

म फेरि भान्साघरभित्र पसेँ । एक मुठी चामल उम्लिरहेको देखेर म सबै एक्लैले खाइदिन्छु मात्र भनेको के थिएँ कि आमाले के साह्रो अलक्षण भएको भनेर एकपल्ट जगल्ट्याइन् । म रुँदै मेरो सानो पलङमा पल्टिएँ । त्यो रात म खाना नखाई निदाइपठाएछु ।

म कक्षा तीनमा पढ्दा पहाडमा अलग गोर्खाल्यान्ड मागको आन्दोलन चलिरहेको थियो । चियाबारीका कारखानाहरू सबै बन्द थिए । गाउँका मानिसहरू दिनभरि गफ गरिरहन्थे । सबैले आफूसित खुकुरी बोकेर हिँड्ने गर्थे । खँदुवा बन्दुकका निम्ति माचिसबाट बारुद बनाउँथे । वारिपारिका गाउँहरूसित त्यति राम्रासित आउजाउ नै हुँदैन थियो । पारिका केही गाउँहरूमा घरहरू सल्किरहेको दृश्य देखेर हामी खूब रमाउथ्यौं । ती सल्किरहेका घरहरू हाम्रा आफ्नै आफन्तहरूका थिएछन् तर कसैले नरमाऊ भनेर भनेन । त्यसैले होला हामीले आफन्तको मृत्युमा पनि शोक प्रकट गरेनौं । गाउँमा दिनदिनै नयाँ आफन्तहरू बढ्दै जानुथाल्यो । घरघरमा थप परिवारहरू बढेर जानुथाले । एकजना सुत्ने पलङमा दुई-तीन जना सुत्नुपर्ने अवस्था सिर्जना भएर आयो । स्कुलमा केन्द्र आरक्षित प्रहरी बल आएर बसेका थिए । हामी घोडाको तबेलामा पनि पढ्यौं । स्कुल बन्द रहेको बेलामा खोलामा दिनभरि माछा मार्थ्यौं । जंगलमा गएर बाँसका बन्दुक बनाएर हानाहान गर्थ्यौं । चरा खेद्नु र खोलामा पौडी खेल्नु त हाम्रो प्रत्येक दिनको कार्यजस्तो भइसकेको थियो । दिनभरि चकचक गरेर, घरहरू डढेका, मान्छे मरेका र मारेका खबरहरू सुनेर दिन बित्थ्यो । रात परेपछि भने डर लागेर आउँथ्यो । आफ्ना आफन्तहरूको अकाल मृत्यु देखेर होला मलाई रात परेपछि असाध्य डर लाग्थ्यो । कहिले खाना नखाई भाग्नुपर्थ्यो त कहिले रात जंगलमा नै बिताउनुपर्थ्यो । स्कुल लाग्दा स्कुल जान्थ्यौं । प्रत्येक दिन कुनै न कुनै सरबाट सजाय पाउँथ्यौं ।

त्यो सालको ठण्डा महिना लागिसकेको थियो । मलाई खोकी लाग्न सुरु भयो । दबाइ पाउँदैन थियो । पाए पनि किन्न बजार जान सकिँदैन थियो । अर्को पार्टीका मानिसहरूसित डर हुन्थ्यो । मेथी र अदुवा खाएर साथै तेलले बेसरी सेकेर नै जाती हुनुपर्थ्यो । घरीघरी जंगलतिर भाग्न परेकोले मेरो खोकी घटेर जालाभन्दा झन् बढेर गयो । एक रात हामी फेरि भाग्यौं । जंगलमा सबै लुकेर चुपचाप बसिरहेका थिए । ममात्र बिचबिचमा खोक्दै थिएँ । एकछिनपछि माथिल्लो गाउँमा केही मानिसहरू चिच्याएका सुन्यौं । त्यतिबेला पनि म घरीघरी खोक्दै नै थिएँ । एकजनाले तलबाट भन्यो, "त्यसलाई खोक्न नदेऊ न !" मेरो खोकी पटक्क नरोकिने, म आँसुसरि भइरहेको थिएँ– छेउमा लुकिरहेको एकजनाले मेरो मुखमा नै एक झापड कस्यो । म बिस्तारो खोक्दै जंगलको एउटा पोथ्राभित्र पसेर सुकसुक रोइरहेँ । मदेखि अलिक पर केही आफन्त र सरणार्थीहरू कम्बलमा डल्ला परेर गुनुगुनु बात मारिरहेका थिए । कसैले फलानाको घर जल्यो भन्दै थिए त कसै आफन्तका मायाले हो कि आफ्नो हालत महसुस गरेर हो सुँक्क-सुँक्क गर्दै रुँदै पनि थिए ।

एक-दुई महिनापछि पहाडमा केही शान्ति छाएको जस्तो भयो । मेरो खोकी पनि निकै सञ्चो भइसकेको थियो । म स्टोररुमको सानो कोठामा सुत्थें । सिरानीमा खुकुरी राख्थें । ढोकाको एक कुनामा फलामको रड राख्थें । आमा-पापा सुत्ने कोठाको दराजबाट केही रुपियाँ चोरेर एकदिन म गाउँकै लोहारकहाँ गएँ र एउटा चुपी बनाउन लगाएँ । भोलिपल्ट दुवैपट्टि धार भएको चुपी लिएर घर आएँ । राति सपनामा देखेँ–चार-पाँच जना अनुहार नचिनिने मान्छेहरूले मलाई खेद्दै रहेछन्, म पनि भाग्दै रहेछु र अन्त्यमा प्रहरीले पक्डेएर मलाई गोली हान्न खोज्दा रहेछन् । त्यतिबेला झसङ्ग भएर बिउँझेँ । मुटु जोरजोरले ढुकढुक भएर आयो, आफू साँच्चै मर्न लागेको जस्तो लागेर आयो । त्यतिबेला बिहानीको तीन बजिसकेको थियो कि मलाई खुकुरी र चुपी ढुङ्गामा उध्याउनु मन लाग्यो । म जूनको प्रकासमा चुपी उध्याउँदै थिएँ । चुपी ढुङ्गामा रगडिँदा निस्किएको आवाजले आमा र पापा बिउँझिनु भएछन् । पापाले मलाई एक झापड कसेर रिसाउँदै सोध्नुभयो, "यो के गरेको ? पागल भइस् क्या हो ?"

मेरो हातमा धारिलो छुरी देखेर "म यसलाई के बनेको हेर्न चाहन्छु तर के बन्दै गइरहेछ !" भन्दै दुवै गालामा हात राखेर आमा भुइँमा थ्याच्च बसिन् । त्यो दिन रात परेपछि मात्र म आफैँसित लजाउँदै घर फर्किएँ । घरको आँगनमा आइपुगेर यसो ठूलो घरतिर हेरेको त कोठाभित्र बलिरहेको टुकीले मलाई डिच्च हाँसेर चियाइरहेको रहेछ । बिस्तारी चाल मारेर म त्यो टुकीसम्म पुगेँ र खुसुक्क टुकीको कानमा नै भनीदिएँ–"मैले त्यो चुपी खोलामा बगाइदिएँ ।" त्यसपछि झोलाबाट कलम निकालेर एकपल्ट टुकीलाई पनि देखाइदिएँ । तर अझै पनि कहिलेकाहीं म त्यो सपना देखेर बिउँझने गर्छु । अझै पनि प्रादेशिक समाचार भन्न बित्तिकै ती टल्किरहेका आँखाहरू र गम्भीर अनुहारहरू मेरो आँखामा छ्याप्प आएर बसिहाल्छन् । *(समकालीन साहित्यबाट)*

## कहिल्यै अघाएन दुष्ट

✍प्रा.डा. मोहन प्रसाद जोशी

करोडौं विचार माथमा,
पोकोपन्तरो हातमा,
मैलो मन साथमा,
हिँडाइ मध्यरातमा ।

औंसीको जस्तो अन्धकार,
लडिने, ठोक्किने बारम्बार,
चिन्ताहरू हजारौँहजार
आएर कोर्छन् मेरो निधार ।

तैपनि मन छ लिप्त र मस्त,
वासनाग्रस्त, भोग्नमै व्यस्त,
कहिल्यै अघाएन हरे ! यो दुष्ट,
पार्यो जिन्दगी अस्तव्यस्त ।

## म देश पढ्दैछु

✍मातृका पोखेल

म एक्काइसौं शताब्दीको विद्यार्थी
देशको इतिहास पढ्दैछु ।
देश गहिरिएर पढ्दैछु ।

देशलाइ पढ्दै जाँदा -
अक्षरहरू भित्रका पनि अक्षरहरू पढ्दैछु
सजिएका शान्तिका अक्षरहरू भित्र
किरिङ मिरिङ
अशान्ति र कोलाहलका चित्रहरू पनि हेर्दैछु ।

न्यायका शब्दहरू पढ्दा
जेल, नेल, बन्दुक र पुलिसका
यातनाहरू पनि भोग्दैछु ।

म एक्काइसौं शताब्दीको विद्यार्थी
देशको इतिहास पढ्दैछु ।
देश गहिरिएर पढ्दैछु ।
इतिहासका शब्दहरूभित्र खोज्दै जाँदा
राष्ट्रभक्ति जस्ता शब्दहरूभित्र
कोशी र जंगल बेचिएका
सहिछ्रापहरू पनि देख्दैछु
देशलाई बनधकमा राखेका

सम्झौताका आला अक्षरहरू पनि देख्दैछु
जनभक्तका कानूनभित्र
युवाका रगत बेचिएका
राता टाटाहरूमा एक थोपा आँसु पनि खसाल्दैछु
म एक्काइसौं शताब्दीको विद्यार्थी
देशको इतिहास पढ्दैछु ।
देश गहिरिएर पढ्दैछु ।

## गजल

✍राधा पान्डे

तिमी नहुँदा सुनसान लाग्छ मलाई यी नगरहरू ।
सोध्दैन कसैले मलाई मेरा केही हालखबर हरू ।।

अन्धकार छाएको झलमल बत्तीको उज्यालोमा,
काट्नै कठिन परेको छ तिमीबिना यी प्रहरहरू ।

बिरानो झैं लाग्छन् यी बाटा गल्ली र यातायात,
कसैले केही सोधे पनी चुपचाप छन् यी अधरहरू ।

आऊ चाँडै बाँधिनु छ तिम्रो प्रेमिल अँगालोभरि,
पूरा गर्नु छ एकसाथ हाम्रा यी बाँकी सफरहरू ।

किन कसैको भरोसा लाग्न छोडेको छ आजभोलि
शंकास्पद देख्छु सबै सबैका मतिर हेर्ने नजरहरू ।

## चित्रकला



दिपशना थापा
कक्षा: १०
जी.एस. निकेतन मा.वि. हेटौंडा

# मंसिर लागिसक्दा पनि किन घटेन डेंगुको जोखिम ?



काठमाडौं/मंसिर सुरु हुँदा पनि डेंगुको जोखिम कम भएको छैन । अघिल्ला वर्षको अवस्था हेर्ने हो भने डेंगु सामान्यतया जेठदेखि भदौसम्म तीव्र रूपमा फैलिएर असोज महिना लागेपछि बिस्तारै संक्रमण ओरालो लाग्ने गरेको पाइन्छ ।

जसकारण चिसो मौसम सुरु हुनु र बिस्तारै मनसुन बाहिरिँदै जाँदा डेंगु संक्रमण बनाउने लामखुट्टेको प्रभाव कम हुँदै जानु हो । तर यो वर्ष भने मंसिर महिना लागिसक्दा पनि संक्रमणको जोखिम कम भएको छैन ।

टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा डेंगुका शङ्कास्पद बिरामी दैनिक १२ जना पुग्ने गरेको सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुन बताउँछन् । उनी भन्छन्, 'चिसो मौसम सुरु भइसक्दा पनि डेंगुको जोखिम घटेको छैन । तापक्रम १० डिग्री सेल्सियस भन्दा तल नओर्लिएसम्म नभएसम्म जोखिम कायम रहन्छ ।'

संक्रमण घट्न अझै दुई हप्ता जति लाग्न सक्ने डा. पुन बताउँछन् । 'अघिल्ला वर्षहरूमा असोज महिनाको अन्त्यसम्ममा डेंगुको जोखिम बिस्तारै कम भएर जान्थ्यो । तर यो वर्ष अलि लामो समय रह्यो । कात्तिक महिना सकिंदा पनि जोखिम कम भएको छैन,' उनी भन्छन् ।

**किन रोकिएन संक्रमण ?**

डेंगु सार्ने लामखुट्टे १० देखि १२ डिग्री सेल्सियस तापक्रम रहँदासम्म हराउँदैन । हिजोआज पहाडी क्षेत्रको तापक्रम १० देखि १२ डिग्री सेल्सियसभित्रै रहेका कारण लामखुट्टे नहराएको र डेंगुको जोखिम रहिरहेको डा. पुन बताउँछन् ।

'मनसुन सकिएलगत्तै विकास निर्माणको काम सुरु हुन्छ जसले गर्दा सडकमा खाल्डाखुल्डी बढ्छन् । त्यो खाल्डाखुल्डीमा पानी जम्मा हुन्छ । जुन लामखुट्टेको वृद्धि विकासको लागि सजिलो भयो, जसले गर्दा डेंगुको संक्रमण बढ्छ,' उनी भन्छन् ।

गाडीको संख्या बढ्दै जानु पनि डेंगु संक्रमण एक कारण रहेको डा. पुन बताउँछन् । 'गाडीको संख्या त्यत्तिकै बढ्दै गएको छ र गाडी बढेपछि ग्यारेजको संख्या पनि बढ्ने भयो । ग्यारेज बढ्नु भनेको गाडीको पुरानो टायर जथाभावी फालिनु हो । जसले लामखुट्टेको वृद्धिमा सहयोग पुऱ्याउँछ र डेंगुको जोखिम बढ्ने भयो,' उनी भन्छन् ।

मनसुनको समयमा डेंगुको संक्रमण होला भनेर मानिसहरु सचेत हुन्छन् । तर मनसुन सकिएसँगै जोखिम कम भयो भनेर धेरै सचेत नहुने अवस्थाले पनि डेंगु संक्रमणमा सघाउ पुऱ्याएको डा. पुनको भनाइ छ ।

मनसुन सकिएको लामो समयसम्म डेंगुको जोखिम रहिरहनुमा अर्को कारण बढ्दो तापक्रम र जलवायु परिवर्तन पनि हो । जलवायु परिवर्तनको कारण तापक्रम बढेको छ र डेंगुको जोखिम पनि बढेको पुन बताउँछन् ।

**सचेत हुन जरूरी**

डेंगुबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुपर्छ । यसका लागि लामखुट्टेको नियन्त्रण आवश्यक हुन्छ । डा. पुन भन्छन्, 'पूरा शरीर ढाक्ने कपडा लगाउनुपर्छ । लामखुट्टेको टोकाइबाट बच्ने मल्हम पनि पाइन्छ, त्यसको प्रयोग गर्न सकिन्छ ।' झ्याल र ढोकामा जाली लगाउन र झुलभित्र सुत्न उनी सुझाउँछन् ।

**लामखुट्टे फैलिन नदिऔं**

जमेको पानी, फोहोरका कारण लामखुट्टे फैलिन्छ । त्यसैले घर वरिपरि पानी जम्ने खाल्डो छ भने पुर्नुपर्छ । पानीको ट्याङ्की, दहीको कतारो, बाल्टिन, ड्रम आदिमा बिर्को लगाएर मात्रै राख्न डा. पुन सुझाउँछन् ।

'त्यति मात्र होइन, चिया पिउने कप, बोतल आदिमा थोरै पानी जमेको छ भने त्यहाँ पनि अण्डा पार्ने भएकाले त्यसलाई उचित तरिकाले राख्नुपर्छ, ताकि त्यहाँ पानी जम्न नपाओस्,' उनी भन्छन् ।

घर आँगन सफा राख्ने, पानी जम्ने खाल्डा पुर्ने, बरण्डा, छत आदिमा पनि पानी जम्न नदिने गर्दा लामखुट्टे फैलिन पाउँदैन । कतिपय भाँडावर्तन बाहिर राखिने र त्यहाँ पनि पानी जम्ने भएकाले ती सबैमा पानी जम्न दिन नहुने डा. पुन सुझाउँछन् ।

'डेंगुको संक्रमण फैलाउने लामखुट्टेले सफा पानीमा अण्डा पार्ने गर्छ । त्यसैले सफा पानी पनि एउटै भाँडोमा खुला नराख्ने, लामो समय नराख्ने गर्नुपर्छ,' उनी भन्छन्, 'साथै गमला लगायतमा समेत पानी जम्न नदिने र कुनै पनि स्थानमा खानेपानीको पाइप चुहिने र पानी जम्ने भइरहेको छ भने त्यसको मर्मत गर्नुपर्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# मध्यपूर्वका देशमा 'दिमाग खराब'को सुखद् ओपनिङ




काठमाडौं/तिहारको अवसर पारेर कात्तिक २४ गतेबाट प्रदर्शनमा आएको निश्चल बस्नेतद्वारा निर्देशित फिल्म 'दिमाग खराब'ले नेपालमा सुखद् व्यापार गरिरहेको अवस्थामा शुक्रबारबाट मध्यपूर्वका देशहरुमा पनि प्रदर्शन सुरु भएको छ । दुबई, बहराइन र कतारमा एकसाथ फिल्म प्रदर्शनमा आएको वितरक अनिशसिंह ठकुरीले जानकारी दिए । साथै, फिल्मले सुखद् 'ओपनिङ' गरेको उनको दाबी छ ।

ठकुरीका अनुसार, फिल्मले दुबईमा १७, कतारमा १५ र बहराइनमा ७ शोज पाएको छ । 'नेपाली फिल्मले मध्यपूर्वका देशमा यति शोज पाउनु धेरै राम्रो हो,' उनले भने, 'नेपालमा दर्शक संख्या राम्रो हुँदाहुँदै 'दिमाग खराब'ले कम शोज पाएको अवस्थामा हामीले दुबईमा भने राम्रो शोज पाएका छौं । पहिलो दिन प्राय: हलमा हाउसफुल दर्शक देखिएका थिए । त्यसैले शोज अझै बढ्न सक्छ ।'

ठकुरीका अनुसार, यही २४ तारिखदेखि सिंगापुर, मलेसिया, ओमान, कुवेत र इराकमा पनि फिल्म प्रदर्शन हुँदैछ । नेपालमा राम्रो प्रतिक्रिया प्राप्त गरेपछि विदेशमा फिल्मको डिमाण्ड बढ्न थालेको छ । फिल्ममा खगेन्द्र लामिछाने, स्वस्तिमा खड्का, दयाहाङ राई, अर्पण थापा, विजय बराल, सुमन कार्की आदिको मुख्य भूमिका छ । फिल्म राजनीतिक र सामाजिक विषयमा आधारित छ ।

प्रदर्शनको दुई दिन नेपालमा फिल्मको व्यापार राम्रो थिएन । जसले गर्दा निर्मातामा निराशा छाएको थियो । तर, अब्बल 'वर्ड अफ माउथ'ले तिहार विदामा फिल्मको अकुपेन्सी बढ्यो ।

अब फिल्म सफल हुने सम्भावना बढेको छ । दर्शकको चापलाई मध्यनजर गर्दै मल्टीप्लेक्सहरुले समेत शोजमा वृद्धि गर्न थालेका छन् । फिल्मले छठ विदासम्म बक्स अफिसमा राम्रो अंक जोड्ने देखिन्छ ।

# कात्तिकमा घट्यो घरजग्गा कारोबार



काठमाडौं/दशैं-तिहार जस्ता ठूला चाडपर्वका कारण कात्तिकमा घरजग्गाको कारोबार घटेको छ । दशैं-तिहार जस्ता चाडपर्व एकै महिनामा पर्न जाँदा सार्वजनिक बिदा धेरै हुँदा र नागरिकहरु पनि 'फेस्टिभ मुड' मा रहँदा घरजग्गाको कारोबारमा कमी आएको हो ।

गत आर्थिक वर्षमा असोजमा चाडपर्व परेकोले कारोबार घटेकोमा चालु आर्थिक वर्षमा भने कात्तिकमा कारोबार घटेको भूमि व्यवस्थापन तथा अभिलेख विभागको तथ्यांकले देखाउँछ ।

कात्तिकमा जग्गाको कारोबार घटेसँगै राजस्व पनि घटेको हो । असोजमा २६ हजार ४६ वटा लिखत पारित भएको भूमि व्यवस्थापन तथा अभिलेख विभागले जनाएको छ ।

गत आर्थिक वर्षको कात्तिक महिनामा २७ हजार ९३९ लिखत पारित भएकोमा यो वर्षको कात्तिकमा २६ हजार ४६ लिखत पारित भएको छ । दशैं र तिहार पर्वको दुवै बिदा कात्तिकमा नै परेकोले पनि यो वर्ष कात्तिकमा घर जग्गाको कारोबार घटेको हो ।

साउनमा ३९ हजार २६३ लिखत पारित हुँदा भदौमा ३५ हजार ६८६ लिखत पारित भएको थियो । यस्तै असोजमा ३९ हजार ८८१ लिखत पारित भएको भूमि व्यवस्थापन तथा अभिलेख विभागले जनाएको छ । कात्तिकमा भने घटेको हो ।

गत आर्थिक वर्षको पहिलो चार महिनामा १ लाख २२ हजार २८२ लिखत पारित भएकोमा चालु आर्थिक वर्षको सोही अवधिमा १ लाख ४० हजार ८७६ वटा लिखत पारित भएको थियो ।

घरजग्गाको कारोबार घटेसँगै राजस्व संकलनमा समेत कमी आएको आएको छ । कात्तिक घरजग्गा कारोबारको सेवा कर, रजिस्ट्रेसन दस्तुर र पूँजीगत समेत २ अर्ब १६ करोड ३१ लाख ६१ हजार राजस्व संकलन भएको छ ।

जसमध्ये सेवा कर २० करोड १५ लाख ३५ हजार र जिस्टेसन दस्तुर १ अर्ब ३७ करोड ८ लाख ४४ हजार, पूँजीगत लाभकर ७७ करोड ९ लाख १६ हजार लाभकर संकलन भएको विभागको तथ्यांक छ । कात्तिकमा मात्रै सरकारले २० करोड २२ लाख ९० हजार राजस्व छुट दिएको छ ।

चालु आर्थिक वर्षको पहिलो चार महिनामा १२ अर्ब २० करोड ६१ लाख ६४ हजार राजस्व संकलन भएको छ । असोजमा ४ अर्ब ८ करोड ६६ लाख २९ हजार राजस्व संकलन भएकोमा भदौमा ३ अर्ब ४ करोड ५९ लाख ४७ हजार र साउनमा २ अर्ब ९१ करोड ४ लाख २७ हजार राजस्व संकलन भएको छ ।

गत आर्थिक वर्षको यही अवधिमा सकारले घरजग्गाको कारोबारबाट ११ अर्ब ८७ करोड ७१ लाख २२ हजार राजस्व संकलन गरेको थियो । कात्तिकमा मात्रै ३ अर्ब ७६ लाख २६ हजार राजस्व संकलन भएको थियो । असोजमा २ अर्ब ५६ करोड ९३ लाख ४८ हजार राजस्व संकलन हुँदा भदौमा ३ अर्ब ५६ करोड २९ लाख ७ हजार र साउनमा २ अर्ब ७३ करोड ७२ लाख ४१ हजार राजस्व संकलन भएको थियो ।

कात्तिकमा जग्गाको कारोबारमा तराईका जिल्ला नै अगाडि देखिएका छन् । सुनसरीको इनरुवा भूमि सुधार तथा मालपोत कार्यालयमा सबैभन्दा धेरै ११८२ लिखत पारित हुँदा भूमि सुधार तथा मालपोत कार्यालय धनुषामा ११०७ वटा लिखत पारित भएको छ ।

यस्तै झापाको भद्रपुर मालपोतबाट १ हजार ११ लिखत पारित हुँदा सप्तरीको राजविराज मालपोतबाट ८९५ लिखत पारित भएका छन् ।

मोरङको बेलवारी मालपोतमा ७५५ लिखत पारित भएको छ । सर्लाहीको मलंगवा मालपोतमा ६५२ र सिराह मालपोतमा ६३८, कैलालीको धनगढी मालपोतमा ६३१ र महात्तरीको जलेशवर मालपोतमा ६२८ लिखत पारित भएको हो । यसतै पर्साको वीरगञ्ज मालपोतमा ६०८ र सिरहाको लहान मालपोतमा ५७४ लिखत पारित भएको छ ।

जग्गाको कारोबारमा तराईका जिल्लाका मालपोत कार्यालय अगाडि देखिँदा राजस्व संकलनमा भने भूमि सुधार तथा मालपोत कार्यालय लगनखेल अगाडि देखिन्छ । ललितपुरको उक्त मालपोतबाट १८ करोड ९४ लाख १५ हजार राजस्व संकलन हुँदा डिल्लीबजार मालपोत कार्यालयबाट १८ करोड १५ लाख ९४ हजार र मालपोत कार्यालय भक्तपुरबाट १४ करोड २६ लाख राजस्व संकलन भएको हो ।

यस्तै काठमाडौंको कलंकी र चाबहील मालपोतबाट क्रमश: १३ करोड १८ लाख २० हजार र १२ करोड ४४ लाख ८३ हजार राजस्व संकलन भएको भूमि व्यवस्थापन तथा अभिलेख विभागले जनाएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# दसैंमा भन्दा तिहारमा दोब्बर जुवाडे पक्राउ

## बरामद पैसा के हुन्छ ?



काठमाडौं/नेपाली सेनाका पूर्वउपरथी होम लावती कात्तिक २८ मा जुवा खालमा भेटिए । ललितपुरको हात्तिवनस्थित क्लासिक टावरमा जुवा खेल्दै गरेका लावतीलाई ललितपुर प्रहरीले पक्राउ गरेर 'जुवा खेल्न नहुने' कसुरमा मुद्दा दर्ता गरेर अनुसन्धान गरेको छ ।

दसैं र तिहारको सिजन जुवा खेल्नेहरूलाई 'उर्वर सिजन' मानिन्छ । अझै दसैंमा भन्दा तिहारको समयमा जुवा मौलाएको तथ्याङ्कबाट देखिन्छ । प्रहरी प्रधान कार्यालयको तथ्याङ्क अनुसार दसैंमा भन्दा तिहारमा दोब्बर जुवाडेहरू पक्राउ परेका छन् ।

दसैंको घटस्थापनादेखि कोजाग्रत पूर्णिमासम्मको अवधिमा देशभरबाट १६० जना जुवाडे पक्राउ परेका थिए । तिहारमा पक्राउ पर्ने जुवाडेहरूको संख्या दोब्बर भएको छ । तिहार अवधि (कार्तिक २५ देखी ३० सम्म) देशभरबाट ३६९ जना जुवाडेहरूलाई पक्राउ गरेर कानुनी कारवाही गरिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

घटस्थापनादेखि कोजाग्रत पूर्णिमा सम्म देशभर सञ्चालित २१ वटा जुवा खालबाट प्रहरीले ३१ लाख ६ हजार ३१९ रुपैयाँ नगद बरामद गरेको छ । तिहारको समयमा जुवा खालबाट ५३ लाख ८७ हजार ९६१ रुपैयाँ बरामद गरिएको प्रहरी प्रधान कार्यालयको तथ्याङ्कबाट देखिन्छ ।

तिहार शुरु भएपछि कार्तिक २५ देखि ३० सम्मको अवधिमा बागमती प्रदेशमा सबैभन्दा धेरै जुवाडे पक्राउ परे । बागमती प्रदेशका जिल्लाहरूबाट ९५ जना जुवाडेहरूलाई पक्राउ गरेका हुन् ।

जुवा खालबाट पक्राउ परेकाहरूलाई छुटाउन पनि ठुलो चलखेल हुने गरेको छ । कार्तिक २६ मा नागार्जुन नगरपालिका-३ स्थित एक धाराबाट प्रहरीले २२ जना कौडा खेलाडीहरूलाई पक्राउ गरेको थियो । पक्राउ पर्नेमा गैर आवासीय नेपाली संघमा आबद्ध टेकबहादुर कार्की र सञ्जय मुडभरी पनि थिए । इचंगुनारायण सामुदायिकका अध्यक्ष प्रताप दानी समेत नागार्जुनको कौडा खालबाट पक्राउ परेका थिए ।

प्रताप दानीलाई छुटाउन माओवादी केन्द्रका नेताहरू लागि परेको प्रहरी अधिकारीहरू बताउँछन् । जिल्ला प्रहरी परिसर काठमाडौंका एक जना अधिकृत भन्छन्, 'गैर आवासीय नेपाली संघमा आबद्ध मुडभरी र दानीलाई छाड्न निकै दबाब झेल्नुपरेको थियो ।' दबावपछि भाइटीकाको अघिल्लो दिन हाजिर जमानीमा छुटेका उनीहरूलाई शुक्रवार फेरि काठमाडौंका प्रमुख जिल्ला अधिकारीले जनही २० हजार रुपैयाँ धरौटी माग गरेको छाड्न आदेश दिएको बताइएको छ ।

**बरामद पैसा के हुन्छ ?**

दसैं र तिहारमा जुवा खालबाट प्रहरीले ठुलो रकम बरामद गर्ने गरेको छ । तिहारको अवधिमा देशभरबाट ५३ लाख ८७ हजार ९६१ रुपैयाँ बरामद गरेको छ । दसैंमा प्रहरीले खालबाट ३१ लाख ६ हजार ३१९ रुपैयाँ बरामद गरेको थियो । सबैभन्दा धेरै रकम काठमाडौं उपत्यकाबाट बरामद गरिएको छ ।

जुवा खालबाट बरामद रकम सरकारले जफत गर्ने गरेको छ । काठमाडौंका प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेत त्यस्तो रकम जफत हुने बताउँछन् । बस्नेतले भने, 'जुवा खालबाट बरामद रकम सुरुमा धरौटी खातामा बस्छ, मुद्दा फैसला भएपछि राजस्व खातामा जान्छ ।'

थुनछेक बहस हुँदा प्रमुख जिल्ला अधिकारीले तोक्ने धरौटी रकम मुद्दा फैसला हुँदा फिर्ता वा थप हुनसक्छ । तर, बरामद रकम चाहिँ जफत गर्ने गरिएको प्रजिअ बस्नेतले बताए ।

मुलुकी अपराध संहिता २०७४ को दफा १२५ अनुसार पहिलो पल्ट जुवा खेल्ने वा खेलाउनेको मुद्दा प्रमुख जिल्ला अधिकारीले सुनुवाइ गर्छन् । पहिलो पटक जुवा खेल्नेलाई तीन महिनासम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना गर्ने कानुनी व्यवस्था छ ।

दोस्रो पटक जुवा खेलेको पुष्टि भएमा त्यस्ता जुवाडेहरूलाई अदालतमा पेस गर्नुपर्छ । दोस्रो पटकदेखि जुवा खेल्ने वा खेलाउनेलाई एक वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना र त्यसपछिको कसुरमा पटकै पिच्छे थप तीन महिनासम्म कैद र १० हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ ।

*(स्रोत: रातोपाटी)*

# 'रेड अन' टिजरमा निडर प्रहरीको कथा



काठमाडौं/ट्राफिक नियम र प्रहरीको कथामा आधारित भएर निर्माण भएको यज्ञजंग विके (आयुष बिसी) निर्देशित फिल्म 'रेड अन'को टिजर सार्वजनिक गरिएको छ । शुक्रबार युट्युबमार्फत् सार्वजनिक १ मिनेट ४३ सेकेण्ड लम्बाईको टिजरमा इमानदार र निडर प्रहरीको कथालाई प्रस्तुत गरिएको छ । फिल्मले ट्राफिक नियमलाई पालन गर्नुपर्ने सन्देश दिने निर्देशक यज्ञजंगले जानकारी दिएका छन् ।

यस फिल्ममा किशोर खतिवडा, दीपक थापा, सिर्जना कार्की, खगेन्द्र नेपाल, खगेन्द्र सुवेदी, वर्षा श्रेष्ठ, वीरेन्द यादव, विक्रम घिमिरे, कमल ज्ञवाली, आशिष ओली, हेमराज घर्ती आदिको अभिनय छ । खगेन्द्र सुवेदीको कथा र सिड गौतमको पटकथा लेखन रहेको फिल्ममा विकास चौधरीको संगीत, सम्राट थापाको पार्श्व संगीत, राज गौतमको सहायक निर्देशन, सुजन विश्वकर्माको छायांकन छ ।

खगेन्द्र सुवेदी निर्माता रहेको फिल्मको सह-निर्मातामा आभाष गिरी र रमेश बंगोसाई छन् । सवारी चालक अनुमति पत्र (लाइसेन्स) बिना सवारी चलाएर दुर्घटना हुँदा कतिसम्म हैरानी भोग्नुपर्छ भन्ने कुरालाई फिल्ममा समावेश गरिएको निर्देशक विकेले स्पष्ट पारेका छन् । प्रहरीका लागि 'रेड अन' एउटा दस्तावेज हुने उनको विश्वास छ । फिल्मको प्रदर्शन मिति चाँडै घोषणा गरिने जनाइएको छ ।

# विश्वकप क्रिकेट जित्ने टिमले कति पाउँछ पुरस्कार ?




विश्वकप क्रिकेटको फाइनल आइतबार भारतको अहमदावादमा हुँदैछ र यो पल्ट फाइनलमा घरेलु टोली भारत र अष्ट्रेलियाले प्रतिस्पर्धा गर्दैछन् । फाइनल जित्ने टिमले विश्वकप ट्रफीका साथै मोटो रकम नगद पुरस्कार पाउने छ ।

यो पल्ट विश्वकप जित्ने टिमलाई ४० लाख अमेरिकी डलर अर्थात् ५३ करोड ३० लाख नेपाली रुपैयाँ बराबर नगद पुरस्कार पाउने छ । उपविजेता टिमले २० लाख डलर अर्थात २६ करोड ६५ लाख नेपाली रुपैयाँ बराबरको पुरस्कार पाउने छ ।

सेमिफाइनलमा पराजित भएका न्यूजिल्याण्ड र दक्षिण अफ्रिकाले ८-८ लाख डलर अर्थात् १० करोड ६६ लाख रुपैयाँ नगद पाउने छन् । समूह चरणबाटै घर फर्केका ६ टिमले भने १-१ लाख डलर १ करोड ३३ लाख नेपाली रुपैयाँ पाउने छन् ।

यसका साथै लिग चरणमा हरेक टिमले एक जितको ५३ लाख ३० हजार रुपैयाँ पाउने छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**PrinterShop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# उच्चशिक्षाका लागि एकवर्षमा अमेरिका गयो ६३ अर्ब नेपाली रुपैयाँ

साझाकुरा संवाददाता

हेटौंडा, १ मंसिर/ शैक्षिकसत्र २०२२/२३ मा नेपाली विद्यार्थीले अमेरिकाको बिभिन्न विश्वविद्यालयमा उच्चशिक्षा अध्ययन गर्ने क्रममा करिव ६३ अर्ब नेपाली रुपैयाँ लगेका छन् । नेपाली विद्यार्थीले अमेरिकी अर्थतन्त्रमा ४७ करोड अमेरिकी डलर (करिब ६२ अर्ब ५८ करोड रुपैयाँ) योगदान गरेका छन् । अमेरिकामा अध्ययनरत अन्तर्राष्ट्रिय विद्यार्थीमा ११ औँ ठूलो संख्या नेपालीको रहेको प्रतिबेदन सार्वजनिक भएको छ ।

इन्स्टिच्युट अफ इन्टरनेसनल एजुकेसन र यूएस डिपार्टमेन्ट अफ स्टेट ब्युरो अफ एजुकेसनल एन्ड कल्चरल अफेयर्सले हालै सार्वजनिक गरिएको 'ओपन डोर्स रिपोर्ट २०२३' मा अमेरिकामा अध्ययनरत अन्तर्राष्ट्रिय विद्यार्थीमा ११ औँ ठूलो संख्या नेपालीको रहेको देखाइएको हो । रिपोर्टका अनुसार शैक्षिकसत्र सन् २०२२/२३ मा अमेरिकामा अध्ययनरत नेपाली विद्यार्थीको संख्या १५ हजार ९० छ । अघिल्लो शैक्षिकसत्रको तुलनामा २०२२/२३ मा अमेरिकामा अध्ययनरत नेपाली विद्यार्थीको संख्या २७.९ प्रतिशतले वृद्धि भएको हो ।

अघिल्लो शैक्षिकसत्र सन् २०२१/२२ मा अमेरिकामा अध्ययनरत नेपाली विद्यार्थीको संख्या ११ हजार ७९९ रहेको थियो । यो वर्ष अमेरिकामा अध्ययनरत अन्तर्राष्ट्रिय विद्यार्थीमा १२ औँ ठूलो संख्या नेपालीको थियो । रिपोर्टअनुसार अमेरिकामा अध्ययनरत कुल अन्तर्राष्ट्रिय विद्यार्थीमा नेपालीको हिस्सा १.४ प्रतिशत छ । अमेरिकामा अध्ययनरत अन्तर्राष्ट्रिय विद्यार्थीमा सबैभन्दा ठूलो संख्या क्रमशः चीन, भारत, दक्षिण कोरिया, क्यानडा, भियतनाम, ताइवान, नाइजेरिया, जापान, ब्राजिल, साउदी अरब र नेपालीको छ ।

शैक्षिकसत्र २०२२/२३ मा दुई लाख ८९ हजार ५२६ चिनियाँ विद्यार्थी, दुई लाख ६८ हजार ९२३ भारतीय विद्यार्थी र ४३ हजार ८४७ दक्षिण कोरियाली विद्यार्थी अमेरिकामा अध्ययनरत रहेको रिपोर्टमा उल्लेख छ । अघिल्लो वर्षको तुलनामा शैक्षिकसत्र २०२२/२३ मा अमेरिकामा भारतीय विद्यार्थी ३५ प्रतिशतले बढेका छन् । यस्तै, घानाका ३२ प्रतिशतले, बंगलादेशका २८, नेपाली २७.९, पाकिस्तानका १६, कोलम्बियाका १३, इटालीका १० र स्पेनका विद्यार्थी ५ प्रतिशतले बढेका छन् ।

रिपोर्टका अनुसार शैक्षिकसत्र सन् २०१५/१६ मा नौ हजार ६६२, २०१६/१७ मा ११ हजार ६०७, २०१७/१८ मा १३ हजार २७०, २०१८/१९ मा १३ हजार २२९, २०१९/२० मा १२ हजार ७३०, २०२०/२१ मा ११ हजार १७२, २०२१/२२ मा ११ हजार ७९९ र २०२२/२३ मा १५ हजार ९० नेपाली विद्यार्थी अमेरिकामा अध्ययनरत छन् । शैक्षिकसत्र २०२२/२३ मा अमेरिकामा अध्ययनरत नेपाली विद्यार्थीको संख्या हालसम्मकै उच्च रहेको रिपोर्टमा उल्लेख गरिएको छ ।

अमेरिकामा अध्ययनरत नेपाली विद्यार्थीको सबैभन्दा ठूलो संख्या यसअघि २०१७/१८ मा १३ हजार २७० थियो । अमेरिकामा हाल अध्ययनरत नेपाली विद्यार्थीमध्ये ६ हजार २८८ जना अन्डरग्रयाजुएट, पाँच हजार ५४२ ग्रयाजुएट, ८९ नन-डिग्री र तीन हजार १७१ जना ओपीटी तहमा अध्ययनरत छन् ।

# ८५ केजी मिठाई नगरप्रहरीद्वारा नष्ट

साझाकुरा संवाददाता

हेटौंडा, १ मंसिर/ दीपावलीमा विक्री गर्न राखिएका मिठाई तथा फलफूल नगरपालिकाले नष्ट गरेको छ ।

सडकपेटीमा जथाभाबी राखिएपछि नगरप्रहरीले मिठाई तथा फलफूल जफत गरेको थियो । हेटौंडा बजार क्षेत्रमा किनमेलका लागि आउने मानिस हिड्नका लागि प्रयोग हुने फुटपाथमा विक्रीका लागि राखेको सामग्री नगरप्रहरीले जफत गरी नष्ट गरेको हो ।

चाडपर्वको समयमा फुटपाथमा विक्रीका लागि राखेको मिठाई, फलफूल र तरकारी सहितका सामग्री जफत गर्दै प्रहरीले नष्ट गरेको हो । प्रहरीले जफत गरेको सामान हेटौंडा-१० राप्तीखोला नजिकै खाडल खनेर नष्ट गरेको हेटौंडा उपमहानगरपालिका कार्यालयले जनाएको छ । नगरप्रहरीले असोज र कार्तिक महिनामा फुटपाथबाट खुल्ला मिठाई ८५ किलो र तरकारी २२ किलो ५ सय ग्राम जफत गरेको थियो ।

मुख्यगरी हेटौंडा बजार क्षेत्रको बुद्धचौक, खोपेगल्ली, राप्तीरोड र तिहार बजारका लागि दिइएको हेटौंडा अस्पताल अगाडि अव्यवस्थित ढंगबाट विक्रीका लागि राखिएका सामग्री जफत गरिएको नगरप्रहरी इन्चार्ज नेत्रप्रसाद ढकालले बताए । उपमहानगरले सार्वजनिक सूचना गर्दै फुटपाथमा सामग्री राखेर विक्री नगर्न व्यवसायीलाई जानकारी गराए पनि कार्यान्वयन नभएपछि सामग्री जफत गरेको ढकालले बताए ।

# लक्ष्मी जयन्तीमा विद्यालयस्तरीय कविता प्रतियोगिता



साझाकुरा संवाददाता

हेटौंडा, १ मंसिर/ महाकबि लक्ष्मीप्रसाद देवकोटाको जन्मजयन्तीको अवसरमा साहित्य संगम मकवानपुर र युगप्रकाश क्लब हेटौंडा-११ नवलपुरको संयुक्त आयोजनामा कविता प्रतियोगिता र सर्जक सम्मान कार्यक्रम सम्पन्न भएको छ । ११५ औं लक्ष्मी जयन्तीको अवसरमा आयोजित कार्यक्रममा हास्यव्यङ्ग्यकार आरसी रिजालको प्रमुख आतिथ्यता र युगप्रकाश क्लबका अध्यक्ष दीपक सिवाकोटीको अध्यक्षता रहेको थियो ।

विद्यालयस्तरीय कविता प्रतियोगितामा प्राप्त कूल ३७ कवितामध्ये १५ कविता छनोट चरण पार गरेका थिए । वाचनका लागि उपस्थित १२ मध्ये निमिषा निरौला, कृष्मा लौडारी र विशप आचार्यको कविता उत्कृष्ट तथा रीतिका छत्कुली र इभानी रानाभाटले प्रोत्साहन पुरस्कार प्राप्त गरेका थिए । उत्कृष्ट कविताका लागि २ हजार र प्रोत्साहनका लागि १ हजार नगद राशि तथा प्रमाणपत्र प्रदान गरिएको थियो । कार्यक्रममा स्वर्गीय साहित्य सर्जक तथा दाना कविताका अगुवा तुल्सी थापालाई मरणोपरान्त सम्मान गरियो । १० हजार राशिको महाकवि लक्ष्मीप्रसाद देवकोटा सम्मानबाट अग्रज साहित्य सर्जक देवराज खरेललाई सम्मानित गरियो ।

कार्यक्रममा प्रमुख अतिथि तथा संगमका सल्लाहकार, आरसी रिजाल र निमेष निखिल, सल्लाहकार तथा निर्णायक मण्डल संयोजक श्यामकुमार बानियाँ, संगम अध्यक्ष डीबी बर्तौला, ११ नं. वडाअध्यक्ष जुना दाहाललगायतले आफ्नो धारणा राखेका थिए । संगमका सल्लाहकार सुवास खनालले लक्ष्मीप्रसाद देवकोटाको चर्चा गरे । उपाध्यक्ष सानु खनालले सम्मानित व्यक्तित्व खरेलका बारेमा जानकारी गराए ।

साहित्य सर्जक, साहित्यप्रेमी तथा राजनीतिक, शैक्षिक क्षेत्रका व्यक्तित्वहरु राजकुमार लामिछाने, सुवास खनाल, नारायण भण्डारी, चन्द्रकिरण श्रेष्ठ, मधु ढुंगानालगायतको उपस्थिति थियो । सहीद स्मारक गेटदेखि प्रभातफेरी तथा त्रिभुवन माविमा रहेको देवकोटाको प्रतिमामा माल्यार्पण तथा स्वर्गीय तुल्सी थापाप्रति मौनधारण गरिएको कार्यक्रमलाई संगमका सचिव मनोज पोखरेलले सहजीकरण गरेका थिए ।

# युद्धप्रसाद मिश्र स्मृति सम्मान युवाकवि आचार्यलाई

साझाकुरा संवाददाता

हेटौंडा, १ मंसिर/ प्रगतिशील लेखक संघ, मकवानपुरद्वारा प्रत्येक वर्ष प्रदान गर्दै आइरहेको 'युद्धप्रसाद मिश्र स्मृति सम्मान' यो वर्ष युवाकवि पुरुषोत्तम आचार्यलाई प्रदान गरिने भएको छ । साहित्यकार आचार्य शिक्षण पेशासँग पनि आवद्ध छन् ।

मकवानपुरलाइ कर्मथलो बनाई अनवरत रुपमा प्रगतिवादी धारका कवितालेखनमा सक्रिय युवाकवि आचार्यका हालसम्म भोको मझेरी-मुक्तक संग्रह २०६८, मुटु र गीतहरु-गीत संग्रह २०७०, रोयरिङफ्लेम्स-संयुक्त कविता संग्रह- २०७७, छैनौं कसोरी तिमी-ऊर्जाकाव्य २०७९, जूनेली-खण्डकाव्य, २०८० गरी ५ कृतिहरु प्रकाशित भैसकेका छन् । आचार्यले आफ्नै शब्द सङ्गीत र आवाजमा केही गीत गजलहरु स्वराङ्कन पनि गरेका छन् ।

अग्रज हास्यव्यङ्ग्यकार आर.सी. रिजालले स्थापना गर्नुभएको २२ हजार २ सय २२ रुपैयाँ राशिको युद्धप्रसाद स्मृति सम्मानबाट यस अघि डा. पशुपतिनाथ तिमल्सिना र गायक रामेश श्रेष्ठ सम्मानित भैसकेका छन् । प्रलेस मकवानपुरका अध्यक्ष श्रीराम अधिकारीका अनुसार युवाकवि आचार्यलाई युद्धप्रसाद मिश्र स्मृति सम्मान प्रदान गर्ने निर्णय गरिएको हो ।

# अधिकांश बैंकले घटाए निक्षेपको ब्याजदर




काठमाडौं, १ मंसिर/ मंसिरका लागि अधिकांश वाणिज्य बैंकहरुले निक्षेपको ब्याजदर घटाएका छन् । बैंकिङ प्रणालीमा लगानीयोग्य तरलता सहज अवस्थामा रहेको र कर्जाको माग निक्षेपमा भएको वृद्धिको तुलनामा न्यून हुँदा वाणिज्य बैंकहरुले निक्षेपको ब्याजदर घटाएर लागत घटाउनमा केन्द्रित हुन लागेका छन् ।

जसले गर्दा मंसिरका लागि निक्षेपको ब्याजदर प्रकाशित गर्दा २० मध्ये १४ वाणिज्य बैंकले ब्याजदर घटाएर प्रकाशित गरेका छन् । ५ वटा बैंकले कात्तिककै ब्याजदरलाई निरन्तरता दिंदा माछापुच्छ्रे बैंकले भने ब्याजदर बढाएको छ । साउनदेखि लगातार एकल अंक ९.९९ प्रतिशत रहेको बैंकको व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदर मंसिरमा आएर भने बढाएको हो ।

मंसिरका लागि अधिकांश बैंकले ब्याजदर घटाएसँगै वाणिज्य बैंकहरुले व्यक्तिगत मुद्दती निक्षेपमा दिने अधिकतम ब्याजदरको औसत पनि घटेको छ ।

नेपाल राष्ट्र बैंकले बैंकहरुलाई ब्याजदर निर्धारण गर्ने आधारको रुपमा सोही वर्गको बैंकहहरुले अघिल्लो महिनाको अधिकतम ब्याजदरको औसत निकालेर त्यसको १० प्रतिशत मात्रै तलमाथि गर्नसक्ने व्यवस्था गरेको छ ।

'बैंक तथा वित्तीय संस्थाले निक्षेपमा प्रदान गर्ने ब्याजदर निर्धारण तथा प्रकाशन गर्दा सम्बन्धित वर्गका सबै संस्थाले अघिल्लो महिना प्रकाशन गरेको अधिकतम ब्याजदरको औसत तथा न्यूनतम ब्याजदर (कलनिक्षेप बाहेक) को औसतमा बढीमा १० प्रतिशतले मात्र परिवर्तन गरी ब्याजदर निर्धारण गर्न सक्नेछन्,' राष्ट्र बैंकले जारी गरेको एकीकृत निर्देशनको ब्याजदर सम्बन्धी व्यवस्थामा भनिएको छ ।

यसरी ब्याजदर निर्धारण गर्दा कायम हुने अधिकतम र न्यूनतम ब्याजदर बीचको अन्तर उक्त निर्देशनले तोकेको सीमाभन्दा बढी हुन गएमा अधिकतम वा न्यूनतम मध्ये एक दर सोही कायम गरी अन्य दरहरु समायोजन गर्नुपर्ने व्यवस्था गरेको छ ।

सोही सीमाभित्र रहेर वाणिज्य बैंकहरुले मंसिरको ब्याजदर प्रकशित गरेका हुन् । कात्तिकको लागि वाणिज्य बैंकले व्यक्तिगत मुद्दती निक्षेपमा दिएको अधिकतम ब्याजदरको औसत ९.९६ प्रतिशत रहेकोमा मंसिरमा ०.३५ प्रतिशत विन्दुले घटेर ९.६२ प्रतिशतमा झरेको छ । २० वाणिज्य बैंकमध्ये ६ वटा बैंकको मात्रै निक्षेपको ब्याजदर दोहोरो अंक (१० प्रतिशत वा सोभन्दा माथि) रहेको छ ।

मंसिरका लागि व्यक्तिगत मुद्दती निक्षेपमा हिमालन बैंक, माछापुच्छ्रे बैंक र नेपाल एसविआई बैंकले सर्वाधिक १०.६०३ प्रतिशतसम्म ब्याजदर दिने भएका छन् । कात्तिकमा ९.९९ प्रतिशत ब्याजदर रहेको माछापुच्छ्रे बैंकको मात्रै मंसिरमा ब्याजदर बढेको हो ।

कात्तिकमा ११.००३ प्रतिशत ब्याजदर रहेको हिमालयन बैंकको मंसिरमा घटाएको हो भने नेपाल एसबिआई बैंकले पनि कात्तिकमा १०.७ प्रतिशतबाट मंसिरमा ब्याजदर घटाएको हो । प्राइम कमर्सियल बैंकले १०.२५ प्रतिशतमा यथावत राख्दा कुमारी बैंकले १०.०१ प्रतिशत लक्ष्मी सनराइज बैंकले १० प्रतिशत र सिद्धार्थ बैंकले ९.९९ प्रतिशतमा व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदर यथावत राखेको छ । नेपाल बैंकले पनि ९.२२४ प्रतिशत कात्तिकमा रहेको ब्याजदरलाई नै मंसिरमा पनि निरन्तरता दिएको हो ।

कर्जा निक्षेप अनुपात (सीडी रेसियो) केही माथि रहेका बैंकहरुले ब्याजदर माथि राख्दा सहज अवस्थामा रहेको बैंकहरुले व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदर ९ प्रतिशत भन्दा तल पनि झारेका छन् ।

राष्ट्र बैंकको सीमाभित्र रहेर व्यक्तिगत मुद्धनि निक्षेपमा घटाउन मिल्ने सीमाभित्र रहने गरी ९१ दिनको मुद्दती निक्षेपमा ८.९७ प्रतिशत ब्याजदर प्रकाशित गरेको स्ट्यान्डर्ड चाटर्ड बैंकले अन्य व्यक्तिगत मुद्दती निक्षेपमा भने ५.२५ प्रतिशत ब्याजदर कायम गरेको छ । संस्थागतमा १ वर्ष माथिका लागि ५.२५ प्रतिशत र त्यसभन्दा कम अवधिको लागि ४.७५ प्रतिशत ब्याजदर तोकेको हो ।

नेपाल राष्ट्र बैंकले बचतको ब्याजदरमा तल्लो सीमा बीचको अन्तर २ प्रतिशत विन्दु भन्दा बढी गर्न नपाउने व्यवस्था गरेको छ । यस्तै व्यक्तिगत मुद्दती निक्षेपको माथिल्लो सीमा र बचतको तल्लो सीमाबीचको अन्तर पनि ५ प्रतिशत विन्दु भन्दा बढी गर्न नपाउने व्यवस्था छ । तर, व्यक्तिगत मुद्दती निक्षेपको माथिल्लो र तल्लो सीमाबीचको अन्तर कति गर्न पाउने भन्ने व्यवस्था नरहेकोले स्ट्यान्डर्ड चाटर्ड बैंकले ४ प्रतिशत विन्दु भन्दा धेरै गराएको छ ।

एनआईसी एशिया बैंकले पनि व्यक्तिगत मुद्दती निक्षेपमा घटाउन पाउने सीमाभित्र रहेर ८.९६८ प्रतिशतमा झारेको छ । बंकले कात्तिकमा ११.००३ प्रतिशत रहेको ब्याजदर मंसिरमा २.०३५ विन्दुले घटाएको हो । एभरेष्ट, प्रभु, सानिमा र राष्ट्रिय वाणिजय बैंकले ९ प्रतिशतमा झारेका छन् ।

मंसिरमा व्यक्तिगत मुद्दती निक्षेपमा नबिल बैंकले अधिकतम ९.१ प्रतिशत व्यजदर प्रकाशित गर्दा नेपाल इन्भेष्टमेन्ट मेगा बैंकले ९.५१ प्रतिशत, कृषि विकास बैंकले ९.५१२ प्रतिशत, सिटिजन्स र ग्लोबल आईएमई बैंकले ९.६ प्रतिशत र एनएमबी बैंकले ९.७६ प्रतिशत ब्याजदर प्रकाशित गरेको हो । *(स्रोत: अनलाइनखबर)*

# छठका लागि जनकपुरमा मात्रै ४ करोडको केरा आयात

धनुषा, १ मंसिर/छठ पर्वका लागि मधेस प्रदेशको राजधानी जनकपुरधाममा मात्रै चार करोड रूपैयाँको केरा भारतबाट आयात गरिएको छ । छठ पर्वका वर्तालुका लागि केरा अत्यावश्यक मानिन्छ ।

छठमा सिंगै केराको घरी भगवानलाई अर्घ्यका रुपमा चढाउने परम्परा छ । छठमा केराको माग उच्च हुने र आपूर्ति कम हुँदा हरेक वर्ष आयात गर्नुपर्ने जनकपुर फलफूल तथा तरकारी व्यवसायी समितिका अध्यक्ष विश्वेश्वर यादवले जानकारी दिए । उनका अनसार केरा उत्पादनका लागि नेपाली भूमि राम्रो मानिए पनि यहाँको उत्पादनले कुनै वर्ष पनि पुग्दैन ।

स्थानीयस्तरमा माग अनुसार उत्पादन नभएपछि बाहिर बाट केरा मगाउनु परेको अध्यक्ष यादवको भनाइ थियो । 'गत वर्ष रू पौने दुई करोडभन्दा बढीको केरा जनकपुर भित्र्याइएको थियो,' उनले भने, 'यस वर्ष झन्डै ७० ट्रक केरा भित्र्याइएका छन् ।'

जनकपुरमा गोपाल र वंशीभोग जातका केरा सप्तरी जिल्लाको भारदह, भान्टाबारी तथा इनरुवाबाट भित्र्याइएको छ । मालभोग, मिरिचमान, चिनी चम्पा जातका केरा भारतको आसाम, गोहाटी, बंगाल, हाजिपुर, ठाकुरगञ्ज र चम्पारणबाट मगाउने गरिएको समितिका सचिव भुवनेश्वर पूर्वेले जानकारी दिए ।

छठ पर्वसँगै गत वर्षको तुलनामा यस वर्ष २५ प्रतिशतले केराको भाउ महँगिएको उनले बताए । 'छठ मनाउने संख्या प्रत्येक वर्ष वृद्धि भएकाले केराको माग पनि बढेको हो । बजारको मागअनुसार गत वर्षको तुलनामा यस वर्ष १५/२० ट्रक बढी केरा मगाइएको छ,' उनले भने ।

समितिका अध्यक्ष यादवका अनुसार १० चक्काको ट्रकमा एक हजार दुई सय घरी आउँछ । प्रतिट्रक बराबर जनकपुर सम्म ल्याउँदाको खर्च ६ लाख रूपैयाँ पर्ने उनले जानकारी दिए । बजारमा प्रत्येक केराको घरीलाई ५ सयदेखि एक हजार रूपैयाँसम्ममा बिक्री गरिन्छ ।

नेपालको हरेक क्षेत्रमा स्थानीय जातका केरा उत्पादन हुन्छन् । नेपालमा मालभोग, झापाली मालभोग, बिलियम हाइब्रिड रोवस्टा, बिलियम हाइब्रिडलगायत जातका केराखेती उत्पादन हुँदै आएको छ ।

सम्भावना हुँदाहुँदै पनि प्राविधिक समस्याका कारण केराको उत्पादन बढाउन नसकिएको व्यवसायीको भनाइ छ ।

# वीरमा 'एक्स-रे फिल्म' नहुँदा एक हप्तादेखि सिटीस्क्यान ठप्प

काठमाडौं, १ मंसिर/ मुलुकको जेठो वीर अस्पतालमा 'एक्स-रे फिल्म' नहुँदा सिटीस्क्यान सेवा प्रभावित भएको छ । अस्पताल प्रशासनका अनुसार सप्लायर्सले 'एक्स-रे फिल्म' उपलब्ध नगराउँदा एक हप्तादेखि सिटीस्क्यान सेवा ठप्प भएको हो ।



सिटीस्क्यानका लागि १४ इन्च लम्बाइ र १६ इन्च चौडाइको फिल्म चाहिन्छ । तर, अस्पतालसँग 'एक्स-रे फिल्म' स्टकमा समेत छैन। सिटीस्क्यान सेवा नहुँदा दैनिक १०० भन्दा बढी बिरामी फर्कन बाध्य छन् ।

लगातार टाउको दुख्ने समस्याबाट ग्रसित भएकी सिन्धुपाल्चोककी रमिला थापा पनि सिटीस्क्यान सेवा नहुँदा फर्किन बाध्य भइन् । 'चिकित्सकले सिटीस्क्यान गरेर हेरौं भन्नुभयो । तर, वीरमा एक हप्तादेखि नै सेवा रहेनछ' उनले गुनासो गरिन्, 'सरकारी अस्पतालमा मेसिन जहिल्यै पनि बिग्रिएको हुने रहेछ ।'

यस्तै, काठमाडौंको भद्रवासकी ७६ वर्षीया नन्दमाया सापकोटा सिटीस्क्यानका लागि अन्य अस्पताल खोजिरहेकी छिन् । वीर अस्पतालमा एक साता अगाडि भर्ना भएकी नन्दमायाको मस्तिष्कका नसा सुकेका कारण सिटीस्क्यान गरिहाल्न चिकित्सकले सुझाव दिएका छन् ।

'चिकित्सकले सकेसम्म चाँडै गर्नु भन्नुभएको छ । तर, यहाँ नहुने रहेछ । सिरियस बिरामी भएकाले टाढा लैजान सम्भव छैन', बिरामीको बुहारी सुभद्रा सापकोटाले भनिन्, 'सयममै उपचार नगरे अपांग हुने जोखिम हुन्छ रे ! बिरामीलाई कसरी अन्य अस्पतालमा सिटीस्क्यान गर्न लैजाने अलपत्र परेकी छु ।'

मुटु, टाउकोको समस्या, श्वासप्रश्वास, नसा, हाडजोर्नी सम्बन्धी जटिल समस्या लिएर अस्पताल आउने बिरामीको तत्काल सिटीस्क्यान गर्नुपर्ने हुनसक्छरु।

वीरमा यो समस्या देखिएको पहिलो पटक भने होइन । यसअघि पनि फिल्म नभएर पटक-पटक सेवा अवरुद्ध भइसकेको छरु। वीरमा सिटीस्क्यान गर्न २५ सयदेखि ४ हजार रुपैयाँसम्म पर्छ । तर, निजीमा भने दोब्बर शुल्क तिर्नुपर्छरु।

एक्स-रे फिल्मको अभाव हुनुमा मुख्य गरी अस्पताल प्रशासन नै दोषी छ । तर, सिटीस्क्यान जस्तो अत्यावश्यक सामानको पर्याप्त 'स्टक' नराखेको कारणले पनि यस्तो अवस्था आएको हो । वीरका निर्देशक डा. सन्तोष पौडेल भाजुरत्न मेडिसेल्स कम्पनीले एक्स-रे फिल्म उपलब्ध नगराउँदा सिटीस्क्यान सेवा प्रभावित भएको बताउँछन् । अहिले अस्पतालले एक्स-रे फिल्म नहुँदा रिपोर्ट भने पेन ड्राइभमा दिएर पठाउने गरिएको छ । 'हामीले सस्तोमा टेन्डर गर्दा भाजुरत्न मेडिसेल्स कम्पनीले नै पायो । त्यसको सामान दिन सक्ने राम्रो क्षमता रहेनछ' डा. पौडेलले भने, 'हामीलाई चाहिने पर्याप्त सामान दिन सक्दैन ।'

सम्झौता अनुसार नियमित सामान उपलब्ध नगरेका कारण भाजुरत्न मेडिसेल्स कम्पनीलाई कारबाही प्रक्रिया अगाडि बढाएको डा. पौडेलले बताए । पौडेलका अनुसार अर्थ मन्त्रालयको बजेट कटौती र सस्तोमा टेन्डर गर्दा यस्तो समस्या निम्तिएको हो ।

'अहिले टेन्डर गरेर सस्तोमा ल्याउन खोज्दा समस्या निम्तिएको हो । पहिला हुँदा आएको टेन्डरभन्दा सस्तो भएकाले मख्ख परियो । तर, उक्त कम्पनीको क्षमता नै नभएकाले सामान उपलब्ध नहुँदा सेवा प्रभावित बन्यो', डा. पौडेलले भने । *(स्रोत: अनलाइनखबर)*

# सबै अदालतमा सूचना अधिकारी तोक्न आयोगको निर्देशन

काठमाडौं, १ मंसिर/ राष्ट्रिय सूचना आयोगले हरेक तीन-तीन महिनामा सार्वजनिक गर्नुपर्ने सूचना देशभरका अदालतलाई प्रकाशन गर्न र सूचना अधिकारी तोक्न निर्देशन दिएको छ ।

आयोगको गत कात्तिक २४ गतेको बैठकले प्रत्येक तीन-तीन महिनामा गर्नु पर्ने स्वत: प्रकाशन गर्ने व्यवस्था मिलाउन सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार मार्फत सबै अदालतलाई सूचनाको हकसम्नधी ऐनअनुसार उक्त निर्देशन दिएको हो ।

आयोगले सूचना अधिकारी तोक्न वा स्वत: प्रकाशन हुन बाँकी रहेका सूचना सार्वजनिक गर्न,अदालतहरुमा सूचना अधिकारी तोकी निजको नाम र सम्पर्क नम्बर तथा इमेल सार्वजनिक गर्न निर्देशन दिएको हो ।

हालै सूचनाको हकका लागि राष्ट्रिय महासैले आयोजना गरेको सम्मेलनका क्रममा कतिपय अदालतमा कानुन बमोजिम तोकिनुपर्ने सूचना अधिकारी नतोकिएको र स्वत: प्रकाशन गर्नपर्ने सूचना सार्वजनिक नभएपछि आयोगले उक्त निर्देशन दिएको हो ।

*(स्रोत: रातोपाटी)*

## Nirmal Multiple Campus
Hetauda 19, Makawanpur

### Notice for the Letter of Intent


(Date of Publication: 18 November 2023)

Pursuant to Sub Sections 27.2 and 27.3 of the Public Procurement Act, 2063, this is to notify all the bidders who submitted their bids for the Contract Identification No. NMC/WORK/079-080-01 as per the Invitation for Bids published on 2023/10/02 that the following listed Lowest Evaluated Substantially Responsive Bidder has been selected for the award of the Contract.

| Contract ID | Name of Contract | Lowest Evaluated Substantially Responsive Bidder | Evaluated Bid Price in NPR (Including VAT) |
|---|---|---|---|
| NMC/WORK/079-080-01 | Construction of Toilet Works. | Genial Engineering and Construction Pvt.Ltd. Manahari-3,Makawanpur | 2,071,556.79 |

**Campus Chief**

जय शिव शम्भो
धार्मिक यात्रामा जाने हो ?



मथुरा, वृन्दावनको लागि
२०८० मंसिर १४ गते
रिजर्भ बस खुल्दैछ
*(दर्शनीय स्थानहरु: राम जन्मभूमि अयोध्या, नैमिसारण्य, मथुरा, वृन्दावन, गोकुल, गोवर्धन, नन्दगाउँ, वर्सानाहुँदै ८ देखि ९ दिनमा नेपाल आइपुगिनेछ ।)*
भाडा प्रतियात्रु ने.रु. १६,०००।- लाग्नेछ ।
(विहान बेलुकाको खानासहित)
*(नोट: रिक्सा, टाँगा, धर्मशाला अन्य खर्च यात्रु स्वयम्ले व्यहोर्नु पर्नेछ ।)*
**सम्पर्क:**
**गोपाल थापा**
**हेटौंडा बसपार्क**
**९८४५२९७६८१**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना